~सन् २०२६ साल जुलाई महिनामा प्रकाशित~

# उपभोक्ता-जीवन सञ्चार-पत्र

यो सञ्चार-पत्रले, तपाईंलाई किनमेल गर्दा भोगेका समस्याहरु आदि, बारम्बार रिपोर्ट गरिएका उपभोक्ता समस्याहरूको बारेमा नियमित रूपमा जानकारी गराऊँदछ।

बिषयवस्तु

पुरानो गाड़ी खरिदगर्दा हुने समस्याहरु

## पुरानो गाड़ी खरिदगर्दाका समस्या प्रति सावधानी



मैले पुरानो गाड़ीहरु बिक्री गर्ने पसलमा मनपरेको एउटा गाड़ी भेट्टाएँ। विक्रेतालाई त्यसको अवस्था बारे सोद्धा, “चलाउँदा कुनै समस्या छैन र अवस्था राम्रो छ” भनेकोले, मैले त्यसलाई किनें। तर, गाड़ी डेलीभरी गरेपछि इन्जिन् स्टार्टगर्दा त असामान्य रूपले ठूलो आवाज़ गर्यो। विक्रेताबाट यस्तो अवस्था बारे सुनेको थिएन। अनि मैले त्यो गाड़ीलाई मर्मत पसलमा देखाउँदा त, अन्य खराबीहरु भेटाएर, श्याकेन् (जापानको सवारी जाँच प्रणाली) मा पास हुनेछैन भन्यो। अब मैले के गर्ने होला?

उपभोक्ता मामिला एजेन्सीको चित्रण संग्रहबाट

## समस्याबाट बच्न

- मूल्य, वारेन्टी स्थिति, निरीक्षण र मर्मत स्थिति, माइलेज र दुर्घटना /मर्मत इतिहास आदि उल्लेखित भए/नभएको विवरण जाँचगर्ने।
- सम्झौतामा हस्ताक्षर गर्नु अघि, इन्जिन स्टार्ट गरिहेर्ने र सम्भव भएमा, त्यसको अवस्था जाँच गर्न परीक्षण ड्राइभको लागि लैजाने।
- कोटेशन तयार गर्नलगाएर, मूल्य र विवरणहरु जाँच गर्ने।
- सामान्य टूट-फुट भन्न नसकिने यदि कुनै खराबी छ र सम्झौताको समयमा यो व्याख्या गरिएको थिएन भने, विक्रेताबाट नि:शुल्क मर्मत अनुरोध गर्न सकिन्छ। यसबाहेक, यदि मर्मत असम्भव छ भने, सम्झौता रद्दको लागि अनुरोध गर्नसकिन्छ।

==========================================

तोचिगी शहर उपभोक्ता मामिला केन्द्र　तोचिगी शियाकुस्योको मुख्य भवन, दोस्रो तल्ला, (सिमिन् सेइकाचु-का) नागरिक जीवन विभाग

खुल्ने दिनहरू: सोमबार देखि बिहिबार　(शनिबार, आइतबार, सार्वजनिक बिदा, र वर्षको अन्त्य/नयाँ बर्षको बिदा बाहेक)

खुल्ने समय: बिहान ९:०० देखि १२:०० बजे, दिउँसो १:०० देखि ४:०० बजे (※)

(※) नयाँ परामर्शहरू दिउँसो ३ बजेसम्म।

**फोन ： 0282-23-8899**

समस्या परेमा, स्योउहि सेइकाचु सेन्ता- (उपभोक्ता मामिला केन्द्र) मा परामर्श लिनुहोस् ल!



तोचिगी शहरको शुभंकर पात्र तोचिसुके